# ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण

को

सहयोगमा

## जलस्रोत विकास तथा आय आर्जन कार्यक्रम
## कार्यान्वयनका लागि

थलारा गाउँपालिका,

*(लक्षित कार्यक्रम गाउँपालिका)*

र

स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (DoLIDAR)

बीच सम्पन्न

# समझदारी–पत्र

थलारा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोली, बझाङ
७ नं. प्रदेश, नेपाल

मिति:२०७४/४/११

स्थान: गांउपालिका , खोलि थलारा,बझाङ

# समझदारी–पत्र

## १. प्रारम्भ

नेपालको प्रदेश न. ६ र ७ का ग्रामीण क्षेत्रमा न्यायोचित, समतामूलक तथा दिगो रुपमा पानीको उपयोगको माध्यमवाट स्थानीय जनताहरुको जीवनस्तर सुधार तथा जीवीकोपार्जनका अवसरहरुको वृद्धि गर्ने लक्ष्यका साथ नेपाल सरकार र गणतन्त्र फिनल्याण्ड सरकार बीच सम्झौता भई आर्थिक वर्ष २०६३/०६४ देखि यस क्षेत्रका १० जिल्लाहरु (अछाम, बैतडी, बझाङ्ग,बाजुरा, डडेलधुरा, दार्चुला, डोटी, कैलाली, दैलेख र हुम्ला)मा सफलतापूर्वक निरन्तर रुपमा सञ्चालन भइरहेको ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको (RVWRMP); आ.व. २०६३/०६४ देखि आ.व. २०६६/०६७ सम्म प्रथम चरण र आ.व. २०६७/०६८ देखि आ.व.२०७१/०७२ दोश्रो चरण सम्पन्न भईसकेको छ ।

यस परियोजना अन्तर्गतका क्रियाकलापहरुको कार्यान्वयनको प्रभावकारिता मूल्यांकन गर्दा स्थानीय बासिन्दालाई प्रत्यक्ष रुपमा लाभ पुगेको देखिन आएकोले सोही कार्यक्रमलाई निरन्तरता दिई बढीभन्दा वढी जनसंख्यालाई सेवा पुऱ्याउने उद्देश्यले आगामी ५ वर्षका लागि परियोजनाकोतेस्रो चरण कार्यान्वयनको द्विपक्षीय सम्झौता नेपाल सरकार र फिनल्याण्ड सरकारका मिति २०७२ मंसिर २४ गते (तद्अनुसार डिसेम्बर १०, २०१५) मा सम्पन्न भएको हो ।

परियोजनाका क्रियाकलापहरु स्वीकृत परियोजना दस्तावेज तथा नेपाल सरकार र गणतन्त्र फिनल्याण्ड सरकार बीच सम्पन्न द्विपक्षीय सम्झौता अनुसार तयार भई परियोजनाको सुपरिवेक्षण समितिले स्वीकृत गरेका निर्देशिकाहरु अनुसरण गरि कार्यान्वयन गरिनेछ ।नेपाल सरकार र फिनल्याण्ड सरकारको संयुक्त लगानी (अनुदान) रहेको यो परियोजना स्वीकृत परियोजना दस्तावेज, परियोजना कार्यान्वियन निर्देशिका तथा यो समझदारी पत्रमा उल्लेख भएका प्रावधानहरु वमोजिम सञ्चालन गरिनेछ । स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग(यसपछि विभाग भनिएको) र, थलारा गाउँपालिका (यसपछि गाउंपालिकाभनिएको), ले यो समझदारीपत्रमा हस्ताक्षर गरी यस गाउँपालिका क्षेत्र भित्रजलस्रोत पूर्वाधार विकास (खानेपानी, सिँचाई, लघुजलविद्युत आदि), जीविकोपार्जन तथा आयआर्जन, पूर्णसरसफाई र सहकारी विकासको माध्यमवाट लघुकर्जाकार्यक्रम सञ्चालनका लागि प्राप्त सहयोग कार्यान्वियनका मुख्य: सिद्धान्तहरूमा सहमति जनाएका छन् ।

लगानीका सिद्धान्तहरु, कोष प्रवाह पद्धति तथा सो को प्रतिवेदन तथा कोष परिचालनमा विभिन्न पक्षको भूमिका र जिम्मेवारी ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरणको परियोजना दस्तावेज उल्लेख भएका प्रावधानहरु तथा परियोजना सुपरिवेक्षण समितिले निर्णय गरेवमोजिम हुनेछ ।

यस गाउँपालिका परियोजना सुपरिवेक्षण समितिको निर्णय वमोजिम सम्बन्धित आर्थिक तथा अन्य स्रोतहरुको दायित्व एकमुष्ठ रुपमा जिम्मा लिई व्यवस्थापन गर्न र कार्यान्वयन गर्न सहमत छ । यसका साथै जिल्ला समन्वय समितिवाट हस्तान्तरण भई आए वमोजिम अघिल्ला आर्थिक वर्षहरुमा आरम्भ भई क्रमागत रुपमा रहेका योजनाहरु सम्पन्न गर्ने तथा भुक्तानी गर्न बाँकी सेवा शुल्क वा उपभोक्ता समितिको किस्ताबन्दी रकम भुक्तानी गर्ने जिम्मेवारी समेत बहन गर्न गाउंपालिका सहमत छ । यसका साथै सालवसाली रुपमा फिनल्याण्ड सरकार तथा नेपाल सरकारको तर्फवाट गाउँपालिकालाई प्राप्त हुने आर्थिक स्रोतयसै समझदारीको अनुसूची-१ मा व्यवस्था भए वमोजिमको वार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधारमा परियोजनासंगको समझदारीमा तय गर्न समेत सहमत छ । यो समझदारी पत्र परियोजना सुपरिवेक्षण समितिको मिति २०७४ असार २ गतेको निर्णय वमोजिम सम्पन्न गरिएको छ । परियोजना कार्यान्वयनको लागि जिल्ला समन्वय समिति (तत्कालिन जिल्ला विकास समिति) सँग मिति २०७२



थलारा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोली, बझाङ
७ नं. प्रदेश नेपाल

चैत्र १६ मा गरिएको समझदारी परियोजनाका क्रियाकलापहरुको अनुगमन तथा कार्यान्वयन सहयोगमा रुपान्तरित भएको छ ।

## २. गाउँपालिकाको भूमिका र जिम्मेवारी

परियोजनाको गाउँपालिका स्तरको स्वीकृत वार्षिक कार्यक्रम,परियोजना कार्यान्वयन निर्देशिका वमोजिम कार्यान्वयन गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ । परियोजनाको कार्यकारी निकाय (Executing Agency) को रुपमा गाउँपालिका निम्न वमोजिमको भूमिका निर्वाह गर्न सहमत छ ।

### २.१ योजना तर्जुमा

**२.१.१ जलउपयोग गुरुयोजना (Water Use Master Plan - WUMP) तर्जुमा तथा कार्यान्वयन**

परियोजनाले तयार गरेको जलउपयोग गुरुयोजना तर्जुमा कार्यविधि अवलम्बन गरी गाउँपालिका सन् २०१८ भित्रमा गाउँपालिका क्षेत्रको जलउपयोग गुरुयोजना तर्जुमा गरी गाउँपालिका सभावाट पारित गर्न तथा गुरुयोजना तयार गर्दा लाग्ने कुल लागतको ५०% रकम आफ्नो स्रोतवाट व्यहोर्न सहमत छ । यसका साथै गाउँपालिका क्षेत्रभित्र आफ्नै लगानीमा वा अन्य कुनैपनि दातृ निकायको सहयोगमा कार्यान्वयन हुने सवै जलश्रोत विकास योजनाहरु जलउपयोग गुरुयोजनाको प्राथमीकता वमोजिम मात्र कार्यान्वयन गर्ने गराउने प्रतिवद्धता व्यक्त गर्दछ ।

**२.१.२ गाउँपालिका स्तरीय अन्य योजनाहरुको तर्जुमा तथा कार्यान्वयन**

क. गाउँपालिका परियोजना तथा अन्यसाझेदारहरुको सक्रिय सहभागितामा गाउँपालिका स्तरको जीविकोपार्जन प्रवर्द्धन योजना तर्जुमा तथा कार्यान्वयन गर्न सहमत छ । यस्तो योजना समुदायको आवश्यकता, आयआर्जनको सम्भावना तथा बजारीकरण तथा मूल्य अभिवृद्धि श्रृङ्खला विष्लेशणको आधारमा तर्जुमा गरिनेछ । यस योजनालाई गाउँपालिका सभावाट पारित गराई उपलब्ध साझेदारहरुको सहयोगमा कार्यान्वयन गर्न गाउँपालिका सहमत छ । योजना तर्जुमाको कम्तिमा ५०% लागत व्यहोर्न तथा कार्यान्वयनको लागि सालवसाली रुपमा रकम विनियोजन गर्न समेत गाउँपालिका प्रतिवद्ध छ ।

ख.यस गाउँपालिका क्षेत्र खुला दिसामुक्त भैसकेको सन्दर्भमा खुला दिसामुक्तको अवस्थालाई दीगो बनाई व्यक्तिगत सरसफाइ तथा स्वच्छता व्यवहारमा सकारात्मक परिवर्तन गर्दै समुदायकोस्वस्थ्यजीवनस्तरमा सुधार ल्याउनको लागि गाउँपालिका पूर्ण सरसफाई रणनीति तथा कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्न प्रतिवद्ध छ । यस योजनालाई गाउँपालिका सभावाट पारित गराई उपलब्ध साझेदारहरुको सहयोगमा कार्यान्वयन गर्न गाउँपालिका सहमत छ । योजना तर्जुमाको कम्तिमा ५०% लागत व्यहोर्न तथा कार्यान्वयनको लागि सालवसाली रुपमा रकम विनियोजन गर्न समेत गाउँपालिका सहमत छ ।

ग. नेपाल सरकारले गाउँपालिकास्तरमा सूचना प्रणाली व्यवस्थापन गर्नको लागि जनशक्ति समेत व्यवस्था गरेकोले गाउँपालिका भित्रका सूचनाहरुलाई व्यवस्थित गरी नियमित रुपमा तथ्याङ्क प्रणाली मार्फत योजना तथा कार्ययोजनाहरु, प्रगती प्रतिवेदनहरु, अनुगमन रेकर्डहरु कायम राख्न सहमत छ । प्रारम्भिक रुपमा यस्तो सूचना प्रणाली (खासगरी जलस्रोत क्षेत्रको) व्यवस्थापन गर्न परियोजनाले कुल लागतको ५०% सम्म सहयोग गर्न सक्ने र वाकि ५०% लागानीगर्न गाउँपालिका सहमत छ ।

### २.२ गाउँपालिका परियोजना व्यवस्थापन समिति गठन

गाउँपालिका भित्र सञ्चालन हुने क्रियाकलापहरुमा गाउँकार्यपालिकाको कार्यालयलाई आवश्यक सहजीकरण गर्न गाउँकार्यपालिका अध्यक्षको अध्यक्षतामा देहायमा लेखिए बमोजिमका पदाधिकारीहरु सदस्य रहने गरी गाउँपालिका परियोजना व्यवस्थापन समिति(Rural Municipality Project Manageement Committee - RMPMC)गठन



थलारा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खोली, बझाङ ७ नं. प्रदेश नेपाल

गरिनेछ । RMPMC को बैठक कम्तिमा महिनाको एकपटक बसी परियोजना अन्तर्गत सञ्चालित क्रियाकपालहरुको योजना तर्जुमा, प्रगती समिक्षा, परियोजना क्रियकलापहरुको व्यवस्थापन, विभिन्न निकायहरु बीच समन्वय तथा सहकार्य, मासिक कार्ययोजना माथि छलफल तथा अन्य सान्दर्भिक विषयहरुमा निर्णय गर्नेछ । RMPMC को कार्यविवरण परियोजना कार्यान्वयन निर्देशिका (Project Implementation Guidelines – PIG) मा तोकिए वमोजिम हुनेछ ।

RMPMCका पदाधिकारीहरु

| | | |
|---|---|---|
| अध्यक्ष, गाउँकार्यपालिका | | अध्यक्ष |
| उपाध्यक्ष वा गाउँकार्यपालिकाले तोकेको महिला सदस्य (महिला) | | सदस्य |
| कार्यकारी अधिकृत, गाउँकार्यपालिका कार्यालय | | सदस्य सचिव |
| परियोजनाका जलस्रोत सल्लाहकार | | सदस्य |
| पूर्वाधार विकास शाखा प्रमुख, गाउँकार्यपालिका कार्यालय | | सदस्य |
| गाउँकार्यपालिका कार्यालयको कृषि, वन, खानेपानी, घरेलु शाखाका प्रतिनिधिहरु | | सदस्य |
| परियोजनाका गाउँपालिका परियोजना अधिकृत | Non Voting | सदस्य |

**द्रष्टब्य:**व्यवस्थापन समितिको गणपूरक संख्यागाउँकार्यपालिका अध्यक्ष, कार्यकारी अधिकृत, पूर्वाधार विकास शाखा प्रमुखर जलस्रोत सल्लाहकार गरी जम्मा चार जनाको हुनेछ ।

### २.३ अनुगमन कार्यदल गठन तथा परिचालन

गाउँकार्यपालिकाका अनुगमन समितिका सँयोजकको अध्यक्षतामा गाउँकार्यपालिकाले परियोजनाको चरणवद्ध कार्यपद्धति एवँ अनुगमन कार्यविधि वमोजिम गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने क्रियाकलापहरुको नियमित अनुगमन गर्न एक अनुगमन कार्यदल गठन गर्नेछ । यस कार्यदलले RMPMC समक्ष आफ्नो प्रतिवेदन पेश गर्नेछ । अनुगमन कार्यदलको संरचना तथा थप कार्यविवरण RMPMCले तोके बमोजिम हुनेछ ।

### २.४ योजना छनौट तथा कार्यान्वयन

गाउँकार्यपालिकाले कार्यान्वयन सहयोगका लागि जलउपयोग गुरुयोजनामा प्राथमीकता तय भए वमोजिमका योजनाहरु छनौट गर्नेछ । यसरी छनौट भएका योजनाहरु प्राविधिक, सामाजिक र आर्थिक रुपमा सम्भाव्य देखिएका योजनाहरु मात्र स्थानीय तह योजना तथा बजेट तर्जुमा निर्देशिका बमोजिम वार्षिक कार्यक्रममा समावेस गरी परियोजनाको चरणवद्ध कार्यपद्धति अवलम्बन गरी कार्यान्वयन प्रकृया अगाडी बढाइनेछ ।

### २.५. आर्थिक व्यवस्थापन

१. परियोजनाको लक्ष हासिल गर्न तथा समुदायको मागलाई सम्बोधन गर्नको लागि गाउँकार्यपालिका जलउपयोग गुरुयोजना अनुसार समुदायले प्राथमिकता निर्धारण गरेका जलस्रोत विकास (खानेपानी, सरसफाई, साना सिंचाई, लघु जलविद्युत आदि) तथा जिविकोपार्जन योजनाहरु कार्यान्वयनको लागि आफ्नो तथा समुदायको तर्फवाट परियोजना सुपरिवेक्षण समितिवाट स्वीकृत निम्न वमोजिमको समपूरक कोष सहलगानी गर्न गराउन सहमत छ । लगानीको बाँडफाँड विस्तृत रुपमा परियोजना कार्यान्वयन निर्देशिकामा दिइएको छ ।



थलारा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खोली, बझाङ ७ नं. प्रदेश

| क.सं. | प्रविधि | गाउँपालिकाको लगानी | समुदाय (नगद) | समुदाय (वस्तुगत) |
|---|---|---|---|---|
| नयाँ योजनाहरु | | कुल लागतको प्रतिशत | | |
| १ | पाइप प्रणाली खानेपानी योजना | ७ | १ | २५ |
| २ | वर्षात्को पानी संकलन योजना | ७ | १ | १५ |
| ३ | लिफ्ट खानेपानी योजना | ७ | १ | १८ |
| ४ | श्रोत/कुवा सुधार | ७ | १ | ३५ |
| ५ | कुलो सिँचाई | ७ | १ | ३५ |
| ६ | आधुनिक शुक्ष्म सिँचाई | ७ | १ | ३० |
| ७ | लघु जलविद्युत् | १० | ३ | २५ |
| ८ | सुधारिएको पानी घट्ट | ७ | ५ | ३० |
| ९ | धुँवारहित चुल्हो | ६ | २० | ४५ |
| १० | साधारण लघु उद्यम | ६ | ४० | २५ |
| ११ | पुनर्भरण पोखरी | ७ | १ | ५० |
| १२ | सार्वजनीक शौचालय | ५० | ० | ० |
| १३ | संस्थागत शौचालय | ५० | ० | ० |
| १४ | विद्यालय शौचालय | ११ | ० | २० |
| १५ | पूर्ण सरसफाइ पूर्वाधार विकास | स्विकृत वार्षिक कार्यक्रम अनुसार | | |
| पुनर्निर्माण योजनाहरु | | | | |
| १ | पाइप प्रणाली खानेपानी योजना | ८ | २ | ३० |
| २ | कुलो सिँचाई | ८ | २ | ४० |
| ३ | लघु जलविद्युत | ८ | २ | २५ |
| ४ | विद्यालय शौचालय | ११ | ० | २५ |
| अन्य क्रियाकलापहरु | | | | |
| १ | सहयोगी व्यक्ति/संस्था शुल्क | ० | ० | ० |
| २ | क्षमता विकासका क्रियाकलापहरु | ० | ० | ० |
| ३ | जलउपयोग गुरुयोजना तर्जुमा/समीक्षा, जीविकोपार्जन योजना तर्जुमा/समीक्षा, पूर्ण सरसफाइ योजना तर्जुमा/समीक्षा, तथ्यांक सूचना प्रणाली स्थापना/पार्श्वचित्र तयारी | ५० | ० | ० |

२. गाउँपालिका क्षेत्रभित्र परियोजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि गाउँकार्यपालिकाले नेपाल सरकारका विद्यमान नीति, नियम, निर्देशिका, मार्गदर्शन र परियोजनाका सबै निर्देशिका तथा सुपरिवेक्षण समिति र निर्देशक समितिका निर्णयहरु पूर्ण रुपमा पालना गर्नेछ ।

३. परियोजनाको सहयोगमा सञ्चालन हुने सबै योजनाहरु जलउपयोग गुरुयोजनामा प्राथमीकीकरण भए वमोजिम मात्र कार्यान्वयन हुनेछन् । परियोजना पहिलो तथा दोस्रो चरणमा कार्यक्रम सम्पन्न भई परियोजना phase out भएका क्षेत्र/वडा (तत्कालिन गाविस) मा परियोजनाको तर्फवाट भौतिक निर्माणमा कुनै लगानी हुनेछैन । उक्त क्षेत्रमा आवश्यक मर्मत, पुनर्निर्माण आदिको लागि गाउँपालिकाले आफ्नै तर्फवाट स्रोत विनियोजन गर्नेछ । वार्षिक कार्यक्रममा तर्जुमा भएका क्षमता विकासका क्रियाकलापहरु तथा प्राविधिक सहयोग परियोजनाले उपलब्ध गराउन सक्नेछ ।



थलारा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खोली, बझाङ ७ नं. प्रदेश

४. गाउँकार्यपालिकाले परियोजना अन्तर्गत नेपाल र फिनल्याण्ड सरकारवाट प्राप्त अनुदान रकम र गाउँपालिकाको समेत लगानी रहेको "जलस्रोत विकास कोष" Water Resources Development Fund –WRDF को सञ्चालन, नियन्त्रण र नेपाल सरकारको नियमानुसार लेखापरिक्षण गराउनेछ ।

५. वार्षिक स्वीकृत कार्यक्रम वमोजिम योजनाहरुको वास्तविक कार्यान्वयन गर्ने जिम्मेवारी उपभोक्ता समितिहरुको हुनेछ । योजना निर्माणको लागि आवश्यक पर्ने रकम गाउँकार्यपालिका कार्यालयले दर्ता भएका उपभोक्ता समितिहरुको खातामा किस्तावन्दी रुपमा नगदै निकासा गरिदिनेछ । जसको लागि गाउँकार्यपालिका, परियोजना र उपभोक्ता समितिको बीचमा अलग्गै त्रिपक्षिय सम्झौता गरिनेछ । परियोजना अन्तर्गत सञ्चालन हुने योजनाहरुको लागि आवश्यक पर्ने सम्पूर्ण खरिद कार्य परियोजनाको खरिद कार्यविधि वमोजिम उपभोक्ता समितिले मात्र गर्नेछन् ।

६. गाउँकार्यपालिकाको कार्यालयले निर्धारित फाराम प्रयोग गरी मासिक रुपमा WRDF को खर्चको फाँटवारी परियोजना कार्यालयमा पठाउनेछ । यस्तो प्रतिवेदनमा नेपाल सरकार, फिनल्याण्ड सरकार तथा गाउँपालिका समेतको योगदान रकम उल्लेख भएको हुनेछ ।

७. वित्तिय अनुगमनको अंगको रुपमा परियोजना तथा जिससका आधिकारीक प्रतिनिधिलाई WRDF को अनुगमन गर्न तथा सम्बन्धित कागजातहरु अध्ययन तथा जाँच गर्ने अनुमती दिनेछ । यस्तो अनुगमनको प्रतिवेदन कार्यस्थलमा नै तयार गरी सम्बन्धित निकायमा यसको प्रती पठाइनेछ ।

## २.६. पारदर्शिता

जलस्रोत विकास कोषवाट हुने सम्पूर्ण आर्थिक कारोबारहरुको (उपभोक्ता समिति तथा सहयोगी संस्था, सेवा प्रदायकहरुलाई निकासा भएको सबै आर्थिक कारोवार) पारदर्शिता कायम राख्ने जिम्मेवारी गाउँकार्यपालिकाको हुनेछ । गाउँकार्यपालिकाले सबै खर्चहरु परियोजना दस्तावेज, परियोजना कार्यान्वयन निर्देशिका तथा यो समझदारीपत्र वमोजिम भएको र जलस्रोत विकास सम्बन्धी योजना तथा कार्यक्रमहरुकोयोजना तर्जुमा, तयारी, कार्यान्वयन र निर्माण पश्चातको चरणका सबै खर्चहरुको सार्वजनिक परिक्षण चरणवद्ध कार्यपद्धतिमा उल्लेख भए वमोजिम सम्पन्नभएको सुनिश्चित गर्नेछ । हरेक आर्थिक वर्षको अन्त्यमा गाउँकार्यपालिकाले जलस्रोत विकास कोषको आम्दानी तथा खर्चको विवरण सार्वजनीक गर्नेछ ।

## २.७ अनुगमन तथा मूल्याङ्कन

१. गाउँकार्यपालिकाले गाउँपालिका क्षेत्रभित्र सञ्चालित क्रियाकलापहरुको स्वीकृत निर्देशिकाहरुमा उल्लेख भए वमोजिम अनुगमन भएको सुनिश्चित गर्नेछ ।

२. सबै अनुगमन योजना/समुदाय र गाउँपालिकास्तरमा गरिनेछन् । हरेक गाउँपालिकाको वार्षिक अनुगमन तथा कार्यसम्पादन मूल्यांकन जिल्ला समन्वय समिति र परियोजनाको संयुक्त टोलीवाट गरिनेछ ।

३. गाउँकार्यपालिकाले सम्बन्धित आर्थिक वर्षमा तर्जूमा गरिएका योजना तथा कार्यक्रमहरु समयमा सम्पन्न गर्नको लागि प्रभावकारी अनुगमन तथा सुपरिवेक्षणको व्यवस्था मिलाउनेछ ।

४. गाउँकार्यपालिकाले सबै सेवा प्रदायकहरु (सहयोगी संस्था, परामर्शदातृ संस्था तथा सहयोगी व्यक्तिहरु)को वार्षिक कार्य सम्पादनमा आधारित मूल्याङ्कन पद्धति लागू गरी दण्ड र पुरस्कारको व्यवस्था गर्नेछ ।

## २.८ प्रतिवेदन

थलारा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खोली, बझाङ

गाउँकार्यपालिकाको कार्यालयले मासिक, चौमासिक तथा वार्षिक रुपमा नेपाल सरकारले निर्धारण गरेको ढाँचामा प्रतिवेदनहरु तयार गरी परियोजना समन्वय कार्यालय, डडेल्धुरा तथा अन्य सम्बन्धित निकायमा पठाउनेछ ।यसका अतिरिक्त गाउँकार्यपालिका कार्यालयले नियमित रुपमा निम्न प्रतिवेदनहरु परियोजना कार्यालयमा पठाउनेछ ।

- निर्माणाधिन योजनाहरुको अद्यावधिक योजना कार्ड मासिक रुपमा,
- जलस्रोत विकास कोषको फाँटवारी मासिक रुपमा,
- परियोजनाका क्रियाकलापहरुको संक्षिप्त मासिक प्रगती प्रतिवेदन,
- परियोजनाका क्रियाकलापहरुको बिस्तृत चौमासिक र वार्षिक भौतीक तथा आर्थिक प्रगती प्रतिवेदन
- परियोजनाको तथा जलस्रोत क्षेत्रको अवस्था तथा प्रगती मापन गर्नको लागि समय समयमा आवश्यकता अनुसार माग भए बमोजिमका अन्य प्रतिवेदनहरु,

### २.९ सूचना प्रणाली व्यवस्थापन

गाउँकार्यपालिका कार्यालयमा जलस्रोतसँग सम्बन्धित जानकारीहरु समावेश गरी सूचना प्रणाली स्थापना गरी अद्यावधिक गर्न गाउँपालिका सहमत छ । यस्तो सूचना नियमित रुपमा अद्यावधिक गरी सम्बन्धित निकायहरुलाई आवश्यकता अनुसार उपलब्ध गराउनेछ । यस्तो प्रणाली स्थापना गर्नको लागि परियोजनाले आवश्यक सहयोग उपलब्ध गराउनेछ ।

### २.१० स्रोत परिचालन

१.परियोजनाको सहयोगमा सञ्चालन हुने कार्यक्रमहरु कार्यान्वयनको लागि गाउँकार्यपालिकाले पर्याप्त कर्मचारी व्यवस्था गर्नेछ । यस प्रयोजनको लागि गाउँकार्यपालिकाले हाल जिल्ला समन्वय समितिसँग सम्झौता गरी कार्य गरिरहेका गैह्र सरकारी संस्था (सहयोगी संस्था) वा एकल परामर्शदाताहरु (सहयोगी व्यक्तिहरु) जिल्ला समन्वय समितिवाट लिखित सिफारिस भै आए बमोजिम सम्झौता गरी काममा लगाउनेछ । यस्ता संस्था वा व्यक्तिहरुको सेवा शुल्क तथा अन्य सम्पूर्ण खर्चहरु वार्षिक कार्यक्रम अन्तर्गत जलस्रोत विकास कोषमा नेपाल सरकार र फिनल्याण्ड सरकारको तर्फवाट व्यवस्था गरिएको छ ।

२. आर्थिक वर्ष २०७५/०७६ देखि परियोजना अन्तर्गतका क्रियकलापहरुलाई सहजीकरण गर्न एउटा गाउँपालिकामा निम्न वमोजिमको जनशक्ति सहितको एक सहयोगी संस्था (गैह्र सरकारी संस्था) नियुक्त हुनेछ । उक्त सस्थाहरु छनौट, परिचालन तथा कार्यविवरण परियोजनाको स्वीकृत सहयोगी संस्था तथा व्यक्ति छनौट तथा परिचालन निर्देशिका वमोजिम हुनेछ ।

थलारा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोली, बझाङ

| पद | न्यूनतम संख्या | कैफियत |
|---|---|---|
| १. फिल्ड संयोजक | २ | गाउँपालिका भित्र सञ्चालित कार्यक्रमको परिमाण एवं गाउँपालिकामा उपलब्ध समान प्रकृतिको जनशक्तिलाई समेत ध्यानमा दिई जीविकोपार्जन प्रवर्द्धक, स्वास्थ्य प्रवर्द्धक र जलस्रोत प्राविधिकको संख्या गाउँपालिका परियोजना व्यवस्थापन समिति र परियोजना व्यवस्थापन कार्यदलको आपसी समझदारीमा थप गर्न सकिनेछ। |
| २. सब इन्जिनियर | १ | |
| ३. जीविकोपार्जन प्रवर्द्धक | १ | |
| ४. जलस्रोत प्राविधिक | ३ | |
| ५. सरसफाइ तथा स्वच्छता प्रवर्द्धक | २ | |
| ६. कार्यालय सहयोगी | १ | |
| **जम्मा** | १० | |

३. यसका अतिरिक्त गाउँकार्यपालिकाले परियोजना अन्तरगतका क्रियाकलापहरुको प्रतिवेदन, अनुगमन, योजना तर्जुमा लगायतका काममा गाउँकार्यपालिकाको कार्यालयलाई आवश्यक सहयोग गर्न एक जना गाउँपालिका परियोजना अधिकृत नियुक्त गर्नेछ। उक्त अधिकृतको छनौट, परिचालन तथा कार्यविवरण परियोजनाको स्वीकृत सहयोगी संस्था तथा व्यक्ति छनौट तथा परिचालन निर्देशिका वमोजिम हुनेछ।

४. गाउँकार्यपालिका परियोजनाको क्रियाकलापहरु कार्यान्वयनको सिलसिलामा यस गाउँपालिकामा कार्यरत कुनै कर्मचारी अन्य गाउँपालिकामा समेत आँशिक रुपमा काम गर्नु आवश्यक भएमा यस्तो जनशक्ति लागत साझेदारीको आधारमा एक भन्दा बढि गाउँपालिकामा परिचालन गर्न सहमत छ।

५. गाउँकार्यपालिका उपलब्ध वित्तीय तथा मानवीय स्रोतको अधिकतम परिचालन गरी परियोजनाका क्रियाकलापहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि गाउँपालिका क्षेत्रभित्र कार्यरत अन्तरराष्ट्रिय गैर सरकारी संस्था, दातृ निकाय, प्रदेश स्तरका विषयगत कार्यालयहरु सँग प्रभावकारी समन्वय तथा सहकार्य गर्न सहमत छ।

६. यो समझदारी आरम्भ भएको समयमा गत आर्थिक वर्षमा शुरु भई निर्माणाधिन अवस्थामा रहेका वा फरफारक गर्न बाँकी भएका योजनाहरु जिल्ला समन्वय समितिको सिफारिसमा गाउँकार्यपालिकाले जिम्मा लिइ योजना सम्पन्न गर्न तथा जिल्ला समन्वय समितिसँग भएका सम्झौता वमोजिम भुक्तानी गर्नुपर्ने वा लिनुपर्ने रकम फरफारक गर्न सहमत छ।

७. गाउँपालिका भित्र परियोजना अन्तर्गतका क्रियाकलापहरुलाई कार्यान्वयन गर्न सहयोगी संस्था एवं सहयोगी व्यक्तिको व्यवस्थापन निम्न वमोजिम गरिनेछ।

क. यस समझदारी पत्रको आरम्भमा गाउँकार्यपालिकाले जिल्ला समन्वय समितिवाट सिफारिस भैआएका कार्यरत सहयोगी संस्था वा सहयोगी व्यक्तिसँग अधिकतम एक वर्षको करार सम्झौता गरी काममा लगाउनेछ।

ख. आर्थिक वर्ष २०७४/०७५ को अन्त्यसम्ममा गाउँपालिका भित्रका सञ्चालन हुने परियोजनाका क्रियाकलापहरुको सहजीकरणको लागि एउटा सहयोगी संस्था (गैह्र सरकारी संस्था) छनौट गरिनेछ। तत्कालमा सहयोगी संस्था कार्यरत रहेको गाउँपालिकाको हकमा उक्त कार्यरत सहयोगी संस्थाको कार्यसम्पादन सन्तोषजनक रहेको पाइएमा गाउँकार्यपालिका र परियोजनाको आपसी सहमतिमा कार्यरत सहयोगी संस्थालाई नै निरन्तरता दिन सकिनेछ। नयाँ संस्था वा व्यक्ति छनौट गर्नुपर्दा गाउँपालिका परियोजना व्यवस्थापन समितिले आवश्यक संस्था वा व्यक्ति छनौट गरी पठाइदिन परियोजनालाई लिखित अनुरोध गर्नेछ र परियोजनाले सहयोगी संस्था वा व्यक्ति छनौट तथा परिचालन निर्देशिका वमोजिम



थलारा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खोली, बझाङ ७ नं. प्रदेश, नेपाल

आवश्यक संख्यामा सँस्था वा व्यक्ति छनौट गरी गाउँपालिकालाई करार सम्झौताको लागि सिफारिस गरी पठाउनेछ । प्राप्त सिफारिस वमोजिम गाउँकार्यपालिकाले संस्था वा व्यक्ति सँग करार सम्झौता गरी काममा लगाउनेछ ।

ग. सहयोगी संस्था वा व्यक्तिको पारिश्रमीक तथा अन्य सुविधाहरु परियोजना व्यवस्थापन कार्यदलले निर्धारण गरे वमोजिम हुनेछ ।

८. गाउँपालिकाले परियोजना क्रियाकलापहरुको समयमा नै सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन गरी उपभोक्ता समितिहरुको हिसाव फरफारक गर्न सहयोग गर्नेछ ।

९. परियोजना मातहत काम गर्ने गाउपालिका परियोजना अधिकृतको लागि गाउँकार्यपालिकाको कार्यालय सँगै कार्यकक्षको व्यवस्था गर्नेछ भने फिल्ड स्तरका अन्य कर्मचारीहरुको लागि परियोजना क्रियाकलापहरु कार्यान्वयन भइरेका वडाहरुका वडास्तरीय कार्यालय सगै कार्यकक्ष व्यवस्था गर्नेछ । गाउँकार्यपालिकाको आफ्नो भवन नभएको अवस्थामा गाउँस्तरीय जलस्रोत व्यवस्थापन कोषवाट खर्च व्यहोर्ने गरी यस्तो कार्यालयको व्यवस्था गरिदिनेछ ।

१०. गाउँपालिकाले परियोजनाको कार्यपद्धति, नीति तथा अवधारणामा थप सुधार गरी परियोजनालाई थप प्रभावकारी तरिकाले सञ्चालन गर्नको लागि आवश्यक पृष्ठपोषणका लागि माग गरेको सुझाव/सूचनाहरु उपलब्ध गराउनेछ ।

## २.११ समन्वय तथा सहयोग

१. समन्वयात्मक र एकीकृत जलस्रोत विकास कार्यक्रमको विकास र कार्यान्वियन यस क्षेत्रमा संलग्न सम्पूर्ण सरोकारवाला तथा निकायहरूको संयुक्त प्रयासबाट मात्र सम्भव छ भन्ने कुरामा सबैको सर्वसम्मति छ, अतः नेपालको संविधान तथास्थानीय शासन ऐन, २०७४ तथा सम्बन्धित नियमावली द्वारा गाउँपालिकालाई प्रदत्त अधिकारको उपयोग गरी यी सम्पूर्ण सरोकारवालाहरू र निकायहरूलाई एउटै छातामुनि ल्याउन गाउँपालिकाले समन्वयकारी भूमिकाको निर्वाह गर्नेछ भने स्थानीय तथा प्रदेश तहमा उपलब्ध मानवीय, प्राकृतिक, सार्वजनिक र निजी क्षेत्रका स्रोतहरूको प्रभावकारी उपयोग गर्नुपर्नेछ ।

२. यस समझदारीपत्रमा हस्ताक्षर गर्ने दुवै पक्षहरू फिनल्याण्ड सरकारको तर्फवाट प्राप्त हुने स्रोतको प्रयोगको पूर्वशर्तहरुको वारेमा जानकार रही यसको सञ्चालनको लागि उपयुक्त संयन्त्र तयार गर्ने कुरामा समान बुझाई रहेको छ । यस अभिप्रायले गाउँपालिका क्षेत्रभित्र कार्यरत सम्बन्धित निकायहरुको जलस्रोत विकास तथा जीविकोपार्जन कार्यक्रमको समन्वय र कार्यान्वयनमा सहकार्यता र एकरुपताको विकास गर्न संलग्नसरोकारवालाहरू बीच आवश्यकता अनुसार एउटा बेग्लै समझदारी पत्रमा हस्ताक्षर गरिनेछ ।

४ गाउँपालिकाले एकिकृत जलस्रोत विकास तथा जीविकोपार्जन सम्बन्धी गाउँपालिकास्तरीय सूचनाहरुलाई आधारभूत सूचनाहरूलाई यसका सरोकारवालाहरूको सहयोगमा वार्षिक रुपमा अद्यावधिक गर्नेछ ।

## २.१२ सुशासन

यस समझदारी पत्र मार्फत गाउँकार्यपालिका एकिकृत जलस्रोत विकास तथा जीविकोपार्जन क्षेत्रमा निम्न वमोजिमका प्रमुख तत्वहरु कायम भएको सुनिश्चित गरी सुशासन कायम गर्न प्रतिवद्धता जाहेर गर्दछ । यस सन्दर्भमा गाउँकार्यपालिकाले गाउँ सभा मार्फत नीति तर्जुमा गर्नेछ ।



थलारा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खोली, बझाङ ७ नं प्रदेश

१. गाउँपालिकाको आफ्नै स्रोत वा कुनै पनि दातृ निकायको सहयोगमा गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने जलस्रोत विकासका योजनाहरु कार्यान्वयन गर्दा अनिवार्य रुपमा जलउपयोग गुरुयोजनामा तोकिएको प्राथमीकता वमोजिम मात्र योजना छनौट गरी कार्यान्वयन गर्ने,

२. निर्माण सम्पन्न भएका योजनाहरुको दीगो सञ्चालन तथा मर्मत सम्भारको लागि गाउँकार्यपालिकाले योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन तथा पानी शुल्क लगायतका प्रावधानहरु समावेश भएको खानेपानी मर्मत सम्भार नीति तर्जुमा गरी लागू गर्नेछ ।

३. गाउँकार्यपालिकाले परियोजना तथा सरोकारवाला निकायहरुको सहयोगमागाउँपालिकास्तरमा आधारभूत तहको खानेपानी गुणस्तर परिक्षण केन्द स्थापना गर्नेछ र यसको नियमित संचालन श्रोतको लागि आन्तरिक निर्देशिका तयार गरि लागु गर्नेछ ।

४. गाउँपालिकाले राजनैतिक रुपमा निष्पक्ष, सक्रिय र समावेसी सहकारीहरु प्रवर्द्धन गर्न सहयोग गर्नेछ र यस्ता सहकारीहरुले समुदायको जीविकोपार्जन प्रवर्द्धन र योजनाहरुको सुसञ्चालनमा सहयोग गरेको सुनिश्चित गर्नेछ ।

५. जीविकोपार्जनका क्रियाकलापहरु सञ्चालन गर्दा गाउँपालिका आफैले लगानी गर्ने वा अन्य संस्थाहरुले लगानी गर्दा समेत जीविकोपार्जन योजना वमोजिम मात्र कार्यान्वयन भएको सुनिश्चित गर्नेछ । यस कार्यमा कृषि वा अन्य विषयगत प्रादेशिक कार्यालयको समन्वय र सहयोग सुनिश्चित गरिनेछ ।

## ३. स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (DoLIDAR)को भूमिका र जिम्मेवारी

स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (DoLIDAR) ले परियोजना मार्फत गाउँपालिका क्षेत्र भित्र खानेपानी, सरसफाइ र स्वच्छताका अतिरिक्त एकिकृत जलस्रोत व्यवस्थापन, जीविकोपार्जन प्रवर्द्धन कार्यक्रमको विकास, समन्वय र कार्यान्वयनमा आवश्यकसहयोग उपलब्ध गराउनेछ । परियोजना अन्तर्गत दुई वटा कार्यालय छन् : (१). नेपाल सरकारद्वारा स्थापित तथा राष्ट्रिय परियोजना संयोजकको नेतृत्वमा रहेको परियोजना समन्वय कार्यालय (PCO) । यो कार्यालय परियोजनाको समन्वय, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार छ । (२) फिनल्याण्ड सरकारका तर्फबाट अन्तर्राष्ट्रिय परामर्शदाताद्वारा स्थापित प्रमुख प्राविधिक सल्लाहकार/टीम लिडरको नेतृत्वमा रहेको परियोजना सहयोग इकाई (PSU) जसले गाउँपालिकामा परियोजनाका कार्यक्रमको अनुगमन तथा क्षमता विकासमा गाउँपालिकालाई प्राविधिक सहयोग उपलब्ध गराउनेछ । तर समग्र कार्यक्रमको योजना तर्जुमा र कार्यान्वयनमा परियोजनाको भूमिका रहनेछैन । परियोजनाका मुख्य भूमिका तथा जिम्मेवारीहरू देहाय वमोजिम हुनेछन् ।

### ३.१ प्रारम्भ

१. परियोजना दस्ताबेजमा उल्लेख भएअनुसार गाउँपालिकामा जलस्रोत पूर्वाधार विकास र जीविकोपार्जन कार्यक्रम कार्यान्वयन तथा क्षमता विकासका लागि वित्तीय तथा परामर्श सहयोग उपलब्ध गराउने ।

२. गाउँपालिकालाई लैङ्गिक तथा मानव अधिकार संवेदनशील, समावेशी तथा समन्वयात्मक किसिमको गाउँपालिकास्तरीय जलउपयोग गुरुयोजना, जीविकोपार्जन प्रवर्द्धन योजना, पूर्ण सरसफाइ योजना लगायतका योजनाहरुको तयारी तथा कार्यान्वयनका लागि प्राविधिक तथा वित्तीय सहयोग उपलब्ध गराउने ।

३. कार्यक्रम कार्यान्वयनको लागि योजनाहरुको छनौट गर्ने कार्यमा प्राविधिक सहयोग गर्ने तथा परियोजना कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने सहयोगी संस्था तथा सहयोगी व्यक्तिहरु स्वीकृत छनौट पद्धति वमोजिम छनौट गरिदिने,



थलारा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खोली, बझाङ ७ नं

४. गाउँकार्यपालिका कार्यालयहरुद्वारा पेश गरिएको प्रतिवेदनका आधारमा परियोजनाको सहयोगमा सञ्चालित कार्यक्रमको आवधिक प्रगति प्रतिवेदन (भौतिक तथा आर्थिक प्रगति) हरू तयार गरी सम्बन्धित निकायमा पेश गर्ने,

५. परियोजनाको सहयोगमा कार्यक्रम सञ्चालित गाउँपालिकाहरू तथा जिल्ला समन्वय समिति बीच प्रभावकारी समन्वय कायम राख्न प्रादेशिक विषयगत कार्यालयहरु तथा मन्त्रालय, विभाग बीच एकरुपता, पारदर्शिता तथा सुदृढ सम्बन्ध कायम भएको सुनिश्चित गर्ने ।

६. परियोजना अन्तर्गत क्रियाकलापहरुको अनुगमनको लागि आवश्यक सहयोग गर्ने र विभिन्न तहमा आयोजना हुने अनुगमन एवं क्षमता विकास कार्यको लागि विशेषज्ञ सेवा उपलब्ध गराउने ।

### ३.२ क्षमता विकास

१. खानेपानी, सरसफाइ तथा स्वच्छता लगायत अन्य जलस्रोत विकास तथा जीविकोपार्जन प्रवर्द्धन कार्यक्रममा महिला, विपन्न तथा पिछडिएका समूहहरूलाई समेत आबद्ध गरी समन्वयकारी किसिमले प्रभावकारी र दक्षतापूर्वक कार्यकम कार्यान्वयनका लागि गाउँकार्यपालिकाको क्षमता अभिवृद्धि गर्न तालिम कार्यक्रम, कार्यशाला, अध्ययन- अवलोकन भ्रमणहरूको आयोजना गर्ने ।

२. गाउँपालिका, वडा र समुदाय स्तरमा परियोजना कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि गाउँकार्यपालिका कार्यालय, वडा कार्यालय, सेवा प्रदायक संस्था वा व्यक्ति तथा उपभोक्ता समितिहरूको क्षमता अभिवृद्धिका लागि सहजीकरण र अभिमुखिकरण तालिम कार्यक्रमका लागि सहयोग गर्ने ।

३. गाउँकार्यपालिकालाई संम्पन्न जलस्रोत योजनाहरु तथा जीविकोपार्जन क्रियाकलापहरुको दिगो संचालन, मर्मतसंभारका लागि आवश्यक नीतिनिर्देशिका तयार गर्न, परिमार्जन गर्न, रणनीति बनाउन, र पूर्णसरसफाइतथा स्वच्छता प्रवर्द्धन गर्न सहयोग गर्ने ।

### ३.३ प्रदेश तथा संघीयस्तरमा समन्वय

१. परियोजना कार्यान्वयनको लागि गाउँपालिकालाई आवश्यक प्राविधिक तथा व्यवस्थापकीयसहयोगहरू उपलब्ध गराउनुका साथसाथै परियोजनासँग सम्बन्धित कार्यक्रमको लागि फिनल्याण्ड सरकार तथा नेपाल सरकारका प्रादेशिक एवं संघीय विभागहरु संग आवश्यक समन्वय गर्ने कार्यको लागि डोलिडार जिम्मेवार रहनेछ ।

२. परियोजनाले गाउँपालिकालाई केन्द्रिय तथा प्रादेशिक स्तरका अन्य सम्बन्धित संघ संस्थाहरूसँग सम्बन्ध स्थापना गर्न मध्यस्थता गर्नेछ, यसका साथै गाउँपालिकाहरूलाई परियोजनाको कामसँग सम्बन्धित विभिन्न सरकारी नीति, नियम तथा बिनियमहरू उपलब्ध गराउनेछ ।

३. परियोजनाले फिनल्याण्ड सरकार र नेपाल सरकारको तर्फबाट बजेट विनियोजन र निकासा गर्न सहजीकरण गर्नेछ

## ४. जिल्ला समन्वय समिति तथा जिल्ला प्राविधिक कार्यालयको भूमिका र जिम्मेवारी

परियोजना कार्यान्वयनमा जिल्ला समन्वय समितिको प्रमुख भूमिका गाउँपालिका, प्रादेशिक विभागहरु र संघीय सरकारी निकायहरु बीच प्रभावकारी समन्वय स्थापना गर्नु र अनुगमन गर्नु हुनेछ । जस अनुसार जिल्ला समन्वय समितिको भूमिका तथा जिम्मेवारी निम्न बमोजिम हुनेछ ।



थलारा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खोली, बझाङ ७ नं. प्रदेश नेपाल

१. गाउँपालिका तथा परियोजना बीच प्रभावकारी समन्वय कायम भएको सुनिश्चित गर्नेछ ।
२. परियोजना सञ्चालित गाउँपालिकाहरुको कम्तिमा वर्षको एक पटक कार्यसम्पादन अनुगमन गर्नेछ ।
३. गाउँपालिकामा रहेको जलस्रोत विकास कोषको परियोजनासँग संयुक्त रुपमा अनुगमन गर्नेछ ।
४. परियोजना कार्यान्वयनको सिलसिलमा स्थानीय तहमा आइपर्ने विवादहरु समाधान गर्न समन्वयकारी भूमिका निर्वाह गर्नेछ ।
५. गाउँपालिकाहरुले तयार गर्ने रणनैतिक योजना तथा कार्ययोजना कार्यान्वयनको अनुगमन गर्नेछ ।
६. परियोजनाका जलस्रोत सल्लाहकार एवं कर्मचारीहरुको लागि पूर्ववत् रुपमा कार्यकक्ष तथा अन्य सुविधाहरु उपलव्ध गराउनेछ ।

जिल्ला प्राविधिक कार्यालयले परियोजना कार्यान्वयनमा निम्न बमोजिम जिम्मेवारी बहन गर्नेछ :
१. योजनाहरुको प्राविधिक सम्भाव्यता अध्ययन, विस्तृत प्राविधिक सर्वेक्षण तथा डिजाइन, योजना कार्यान्वयन तथा प्राविधिक मूल्यांकनको लागि गाउँपालिकाले माग गरे बमोजिमको सहयोग उपलव्ध गराउनेछ ।
२. परियोजना अन्तर्गतका क्रियाकलापहरुको अनुगमन तथा सुपरिवेक्षण गरी योजनाहरुको निर्माण तथा सामाग्रीहरुको गुणस्तरीयता सुनिश्चित गर्नेछ ।
३. योजनाहरुको प्राविधिक मूल्यांकनमा आवश्यक सहयोग गर्नेछ ।
४. गाउँपालिकाहरुले माग गरेको अन्य प्राविधिक सहयोग उपलव्ध गराउनेछ ।

## ५. लैङ्गिक र सामाजिक समावेशीकरणका लागि प्रतिबद्धता

यो समझदारीपत्रमा हस्ताक्षर गर्ने पक्षहरूले निम्न कुरामा संयुक्त प्रतिबद्धता जाहेर गरेका छन् :

- कर्मचारी नियुक्ति, अवसरहरूको सिर्जना, कर्तव्य परिपालना जस्ता सवाललाई लैङ्गिक र सामाजिक समावेशीकरणतर्फ उन्मुख गराउने तथा संस्थाभित्र मानव संसाधन नीतिलाई लैङ्गिक र सामाजिक समावेशी एवं मानव अधिकारमा सवेदनशील बनाउने ।
- परियोजना कार्यान्वयनको लागि सहयोगी संस्था तथा व्यक्तिहरु छनौट गर्दा व्यवसायिक विज्ञता र सीपको आधारमा मात्र छनौट गर्ने, यस्तै योजनाहरु छनौट गर्दा समुदायले जलउपयोग गुरुयोजना मार्फत तय गरेको प्राथमीकताको आधारमा मात्र गर्ने ।
- लैङ्गिक र सामाजिक समावेशीकरण अनुकूल वातावरणका लागि योगदान गर्ने जसबाट समाजका सम्पूर्ण तहका विविध समूहहरूको महत्वलाई सम्बोधन गर्न सकियोस् ।
- समुदायका विभिन्न समूहहरू परियोजनाका कार्यक्रममा सहभागी भई समानुपातिकरुपमा लाभान्वित भएको सुनिश्चित गर्ने ।

## ६. विविध

१. गाउँपालिकामा सञ्चालित क्रियाकलापहरु निर्धारित गुणस्तर एवं  वा कोषको दुरुपयोग भएको पाइएमा गाउँकार्यपालिकामा पठाउने कोष रोक्का गर्ने तथा वार्षिक बजेट कटौती गर्ने अधिकार विभागमा सुरक्षित रहनेछ । यस्तो प्रकारको निर्णय परियोजना सुपरिवेक्षण समितिले गर्नेछ ।

२. परियोजनाका कार्यक्रमहरुमा उल्लेखनीय रुपमा ढिलाई भएमा, परियोजनाको कोषको दुरुपयोग भएको पाइएमा, परियोजनाका निर्देशिकाहरुको पालना नभएमा वा गाउँपालिकाले समयमै समपूरक कोष निकासा नगरेमा वा



थलारा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोली, बझाङ
७ नं. प्रदेश, नेपाल

समझदारी पत्रमा सहमत भएका बुँदाहरु पलना नगरेमा परियोजना व्यवस्थापन कार्यदलले गाउँपालिकावाट परियोजना बहिर्गमन गर्ने सिफारिस गर्न सक्नेछ ।

३. विभागले उत्तम कार्यसम्पादन गरी उच्चतम अंक हासिल गर्ने गाउँपालिकाको लागि पुरस्कार स्वरुप अतिरिक्त पूँजीगत बजेट व्यवस्था गरिदिनेछवार्षिक रुपमा गाउँपालिकाहरुमा विनियोजित हुने बजेटको निर्धारण गाउँपालिकाको वार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधारमा गरिनेछ ।

४. जिल्ला समन्वय समिति र परियोजना व्यवस्थापन कार्यदलले तोकेको संयुक्त टोलीले परियोजनाको सम्बन्धमा भए गरेका क्रियाकलापहरुलाई आधार मानी वार्षिक रुपमागाउँपालिकाको कार्यसम्पादन मूल्याङ्कन गर्नेछ । यो मूल्याङ्कन गाउँपालिकामा वार्षिक बजेट व्यवस्था तथा अन्य सहयोगको लागि मार्गदर्शक हुनेछ । मूल्यांकनका आधारहरु निम्न वमोजिम हुनेछन् । विस्तृत विवरण अनुसूची १ मा दिइएको छ ।

| क्र.सं. | सूचकहरु | अंकभार | प्रमाणीकरणको स्रोत |
|---|---|---|---|
| 1 | लक्ष्य वमोजिम उपलब्धि | ३० | वार्षिक कार्यक्रम र प्रतिवेदन |
| 2 | परियोजनामा गाउँकार्यपालिकाको नगद योगदान | २० | वार्षिक कार्यक्रम र प्रतिवेदन |
| 3 | अनुगमन तथा प्रतिवेदन | १५ | अनुगमन प्रतिवेदनहरु |
| 4 | गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक तथा समीक्षा बैठकहरु | ५ | निर्णय पुस्तिका |
| 5 | जलस्रोत विकास कोषको सदुपयोगिता तथा पारदर्शिता | १५ | वार्षिक कार्यक्रम र प्रतिवेदन |
| 6= | यस समझदारी पत्र वमोजिमका नीतिहरुको तर्जुमा तथा लागू गरेको र परियोजनाका निर्देशिकाहरुको पूर्ण पालना | १० | अनुगमन प्रतिवेदनहरु |
| 7 | परियोजना कार्यान्वयनमा अन्य निकायसँगको सहकार्य | ५ | वार्षिक कार्यक्रम र प्रतिवेदन, RMPMC निर्णय |
| | जम्मा | 100 | |

५.यो समझदारी २०७४ श्रावण १ देखि परियोजना अवधिभरको लागि कायम रहनेछ ।

६ यो समझदारी पत्रमा उल्लेखित कुनै दफालाई थप स्पष्ट पार्न, थपघट गर्न वा पुनरावलोकन गर्न आवश्यक भएमा दुवै पक्षको आपसी सहमतिमा गर्न सकिनेछ । कुनै असमझदारी र विवादहरू उत्पन्न भई नीतीगत तहवाट निर्णय गर्नु परेमा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको सुपरिवेक्षण समिति (Supervisory Board) वाट निर्णय गरी समाधान गरिनेछ र यसका लागि सुपरिवेक्षण समितिको निर्णय नै अन्तिम हुनेछ ।

मिति : ........................

स्थान : ........................



थलारा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खोली, बझाङ ७ नं. प्रदेश नेपाल

## हस्ताक्षर

**थलार गाउँकार्यपालिकाको तर्फबाट**

हस्ताक्षर: ..............................................

नाम : मोहन राज जोशी

पद : अध्यक्ष

कार्यालयको छाप : थलारा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खोली, बझाङ ७ नं. प्रदेश, नेपाल

**विभागको तर्फबाट**

हस्ताक्षर: ..............................................

नाम : जीवनकुमार श्रेष्ठ
महानिर्देशक

पद : महानिर्देशक

कार्यालयको छाप : नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग

**जिल्ला समन्वय समितिको तर्फबाट**

हस्ताक्षर : ..............................................

नाम : जगत प्रसाद जोशी

पद : स्थानीय विकास अधिकारी

कार्यालयको छाप

**रोहबर**

**ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण**
**(RVWRMP - III) का तर्फबाट**

हस्ताक्षर : ..............................................

नाम : नारायण वाग्ले

पद : टीम लिडर

कार्यालयको छाप : RURAL VILLAGE WATER RESOURCES MANAGEMENT PROJECT ★ NEPAL

हस्ताक्षर : ..............................................

नाम : रामकुमार श्रेष्ठ

पद : राष्ट्रिय परियोजना संयोजक

कार्यालयको छाप : नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना



...गमन = १०
...नन भ्रमण = ५
...गमन भ्रमण = ०

Monitoring)

## अनुसूची १ : गाँउपालिकाकोबार्षिककार्यसम्पादन मूल्याङ्कन अंकभार तालिका

| क. स. | सूचकका आधारहरु | सूचकहरु | जम्मा अंक भार | प्राप्ताङ्कअंकभार | सूचनाका स्रोतहरु |
|---|---|---|---|---|---|
| १ | वार्षिक योजना / कार्यक्रम अनुसार उपलब्धि (३०) | १.१स्वीकृत वार्षिक योजना/कार्यक्रमको आधारमा हासिल भौतिक प्रगति प्रतिशत | २० | ◆ ८०% वा सो भन्दा बढि योजनाहरु सम्पन्न = १०<br>◆ ७०%- ७९% वा सो भन्दा बढि योजनाहरु सम्पन्न = ७<br>◆ ६०%- ६९% वा सो भन्दा बढि योजनाहरु सम्पन्न = ५<br>◆ ६०% भन्दा कम योजनाहरु सम्पन्न = ० | ◆ स्वीकृत वार्षिक योजना / कार्यक्रम र वार्षिक प्रगति प्रतिवेदनको विष्लेशण र परिक्षण |
| | | १.२ स्वीकृत वार्षिक बजेटको आधारमा वित्तीय प्रगति प्रतिशत | १० | ◆ ८०% वा सो भन्दा बढि खर्च = १०<br>◆ ७०% - ७९% वा सो भन्दा बढि खर्च = ७<br>◆ ६०% - ६९% वा सो भन्दा बढि खर्च = ५<br>◆ ६०% भन्दा कम खर्च = ० | ◆ स्वीकृत कुल बजेटको तुलनामा आर्थिक वर्षभित्र भएको कुल खर्चको अनुपात |
| २ | गाउँपालिका जलस्रोत विकास कोषमा गाउँपालिका को योगदान (२०) | २.१ गत आ. व. मा गाउँपालिकाद्वारा गाउँपालिका जलस्रोत विकास कोषमा रकम निकासा (वार्षिक कार्यक्रम वमोजिम) | १५ | ◆ शतप्रतिशत निकासा = १५<br>◆ ७५% – ९९% निकासा = १०<br>◆ ७५% भन्दा कम निकासा = ०<br>◆ निकासा नभएको = -१० | ◆ जलस्रोत विकास कोषको अभिलेख |
| | | २.२ गाउँपालिकाको योगदानको खर्च प्रतिशत | ५ | ◆ सोही आ व. मा शतप्रतिशत खर्च = ५<br>◆ सोही आ व. मा ७५% – ९९% खर्च = ३<br>◆ सोही आ व. मा ७५% भन्दा कम खर्च = ० | ◆ जलस्रोत विकास कोषको फाँटवारी |
| ३ | अनुगमन तथा प्रतिवदेन (१५) | ३.१ गत आ. व. मा अनुगमन कार्यदलद्धारा परियोजना मार्फत संचालित योजनाहरु तथा कृयाकलापको अनुगमन (Scheme Level Monitoring) | १० | ◆ शतप्रतिशत योजना अनुगमन = १०<br>◆ ८०% – ९९% अनुगमन भ्रमण = ५<br>◆ ८०% भन्दा कम अनुगमन भ्रमण = ० | ◆ योजना अनुगमन प्रतिवेदन |
| | | ३.२ सबै प्रतिवेदनहरु समयमा पेश भएको | ५ | ◆ नियमित रुपमा सबै प्रतिवेदन पेश भएको = ५<br>◆ नियमित रुपमा पेश नभएको =० | ◆ पेश गरिएका प्रतिवेदनहरु |
| ४ | गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक (५) | जिल्ला व्यवस्थापन समितिको बैठकको नियमितता | ५ | ◆ आ.व.मा कम्तिमा १० पटक नियमित (हरेक महिना) = ५<br>◆ अनियमित तर वर्षभरीमा १० वा सो भन्दा वढि = ३<br>◆ वर्षभरीमा ६-९ बैठक = २<br>◆ वर्ष भरीमा ६ वटा भन्दा कम = ० | ◆ बैठक निर्णय पुस्तिका (Meeting Minute) |
| ५ | जलस्रोत विकास कोषको उपयोगिता तथा पारदर्शिता (२०) | ५.१ तोकिएका शिर्षक अनुसार कोषको सदुपयोग तथा पारदर्शिता | १५ | ◆ तोकिएको शीर्षकहरुमा खर्च भई गाउँपालिका सूचना पाटीमा खर्च विवरण सार्वजनिक भएको = १५<br>◆ तोकिएको शिर्षकहरुमा खर्च भई स्थानिय गाउँपालिका सूचना पाटीमा खर्च विवरण सार्वजनिक नभएको = १०<br>◆ तोकिएको शिर्षकहरुमा भन्दा अन्य शिर्षकमा | ◆ गाउँपालिका को आर्थिक अभिलेख ( Financial Record)<br>◆ WRDF अनुगमन प्रतिवेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | खर्च भएको र सापटी दिइएको साथै सो सापटी तोकिएको समय भित्र फिर्ता भएको = 0<br>◆ तोकिएको शिर्षकहरुमा भन्दा अन्य शिर्षकमा खर्च भएको र सापटी दिइएको साथै सो सापटी सोही आर्थिक वर्षभित्र फिर्ता नभएको = -१० | |
| | | ५.२ सुझाव कार्यान्वयन | ५ | ◆ परियोजना र जिससको संयुक्त टोलीले अनुगमन गर्दा दिइएका सुझावहरु समयमा कार्यान्वयन गरिएको = ५<br>◆ सुझावहरु समयमा कार्यान्वयन नभउको = ० | ◆ WRDF अनुगमन प्रतिवेदन |
| ५ | यस समझदारी पत्र वमोजिमका नीतिहरुको तर्जुमा तथा लागू गरेको र परियोजनाका निर्देशिकाहरुको पूर्ण पालना (१०) | यस समझदारी पत्र वमोजिमका नीति तर्जुमा गरी लागू गरिएको (५) | ५ | ◆ सबै नीतिहरु तर्जुमा भै लागू भएको = ५<br>◆ ५० प्रतिशत नीतिहरु तर्जुमा भै लागू भएको = ३<br>◆ कुनै पनि नीति तर्जुमा नभएको = ० | ◆ गाउँसभाको निर्णय पुस्तिका |
| | | परियोजना कार्यान्वियन निर्देशिका तथा अन्य निर्देशिकाहरुको पूर्ण पालना (५) | ५ | ◆ परियोजना कार्यान्वयन निर्देशिकाको पूर्ण रुपमा पालना भएको = ५<br>◆ निर्देशिकाको कुनै प्रावधान पालना नभएको = ० | ◆ अनुगमन प्रतिवेदन |
| ६ | परियोजना संग सम्बन्धित कृयाकलाप संचालनमा अन्य साझेदारहरुसंगको समन्वय / सहकार्य (५) | परियोजनासंग सम्बन्धित योजना तथा क्रियाकलापमा गाउँपालिका र अन्य साझेदार निकायहरु बाट आर्थिक तथा प्राविधिक सहयोग | ५ | ◆ ३ वा सो भन्दा बढी निकायहरुबाट सहयोग पुगेको = ५<br>◆ २ वटा निकायहरुबाट सहयोग पुगेको = ४<br>◆ एउटा निकायवाट सहयोग पुगेको = ३<br>◆ कुनै पनि निकायहरुबाट सहयोग नपुगेको = ० | ◆ सम्बन्धित नियकासंग सम्पन्न MOU वा Event Reports<br>◆ वार्षिक प्रगति प्रतिवदेन |
| जम्मा | | | १०० | | |